म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ५० २०८१ पुस २२ गते सोमबार 6 January 2025, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## लडेर पाठकको मृत्यु

हेटौंडा : नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका-८, पठकटोलमा बारीको कान्लाबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ६९ वर्षीय रमेशप्रसाद पाठक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शनिबार साँझ ६ बजेर ३० मिनेटको समयमा पाठक आफ्नै बारीको कान्लाबाट २५ मिटर तल खस्दा टाउकोमा चोट लागी घट्नास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। अनुसन्धानको क्रममा पाठक डिप्रेशनको बिरामी रहेको पाइएको प्रहरीले जनाएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली नुवाकोट लगिएको छ ।

# हेटौँडा उपमहानगरको समीक्षा बैठक सौराहामा



जनप्रतिनिधिसँग छलफल कार्यक्रममा सहभागी नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगर पालिकाले गत आर्थिक वर्षको समीक्षा, चालु आर्थिक वर्षको हालसम्मको समीक्षा गर्दै आगामी आर्थिक वर्षको कार्यादेशसम्बन्धमा जनप्रतिनिधिहरुसँग छलफल कार्यक्रमको आयोजना गरेको छ । शनिबार साँझ अनौपचारिक छलफल गरेर आइतबार बिहान छलफल गरिएको हेटौँडा उपमहानगरपालिकाका अधिकारीले जानकारी दिएका छन् ।

शुक्रबार नगर सभा सदस्य समेतलाई सहभागी हुन आव्हान गरेर शनिबार साँझ र आइतबार बिहान छलफलको आयोजना गरेको हो। छलफलबाट १० बुँदामा निश्कर्ष निकालिएको हेटौँडा उपमहानगरपालिकाका अधिकृत भीमप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो । छलफलमा प्रदेश सरकारसँग लागत सहभागितामा निर्माण गरिएको हेटौँडा-११, थानाभञ्याङस्थित निर्माणाधिन फलफूल तथा तरकारीको थोक बजारमा प्रदेश सरकारको मन्त्रालय स्थापना गरिएको प्रति ध्यानाकर्षण गराइएको छ । कृषकका उपजको बजारीकरणका लागि निर्माण गरिएको संरचनामा मन्त्रालय स्थापना गर्नु उपयुक्त नभएको उल्लेख गर्दै निर्माण कार्य पूरा गरेर उपमहानगर पालिकामार्फत थोक बजार सञ्चालन गर्नुपर्ने निश्कर्ष निकालिएको छ ।

छलफलमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा बजार खण्डको सडक विस्तार, एक सय भन्दा कम संख्यामा विद्यार्थी भएका विद्यालयलाई नजिकैको विद्यालय गाभ्ने र गाभिने विद्यालयका विद्यार्थीलाई यातायातको सुविधासहित नजिकको विद्यालयमा समायोजन गर्ने, भुटनदेवी माध्यमिक विद्यालय र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयलाई गाभेर ठूलो विद्यालय बनाउने, अति विपन्न थामी र चेपाङ समुदायका परिवारको निशूल्क स्वास्थ्य वीमा गरिदिने निर्णय भएको तिमल्सिनाले बताउनुभयो ।

उपमहानगरपालिकाको हालसम्मको उपलब्धीका विषयमा प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले प्रस्तुती राख्नुभएको थियो । छलफलमा प्रदेश सरकारका योजना एकद्वार प्रणालीबाट कार्यान्वयन हुन नसक्दा समस्या भएको जनप्रतिनिधिको भनाइ रहेको थियो । छलफलमा गुणस्तरीय पूर्वाधार निर्माणको विषयले पनि प्रवेश पाएको र हेटौँडा उपमहानगरपालिकाको प्रमुख क्षेत्रको विद्युतीय लाइनलाई भूमिगत गर्न आवश्यक भएकोप्रति जनप्रतिनिधि सुझाव दिएको बताइएको छ ।

नगर उपप्रमुख राजेश बानियाँले जनप्रतिनिधिसँगको छलफलबाट १० बुँदे निर्णय भएको र उक्त निर्णय प्रवक्तामार्फत सार्वजनिक हुने जानकारी दिनुभयो । छलफलमा महिलामुखी सहर निर्माण, राजमार्ग २५ मिटर विस्तार गर्ने विषयमा छलफल भएको उपप्रमुख बानियाँले बताउनुभयो । छलफलको विषयमा जानकारी लिन नगरप्रमुख मीना कुमारी लामासँग सम्पर्क गर्दा उहाँको मोवाइल उठेन । उपमहानगरपालिकाको वार्षिक समीक्षा र आगामी कार्यदिशाको विषयमा जनप्रतिनिधिसँगको छलफल सौराहामा आयोजना गरिएको विषयमा भने चौतर्फी आलोचना भइरहेको छ ।

## खैरो हेरोइनसहित विवेक पक्राउ

समाज संवाददाता

हेटौँडा : लागूऔषध खैरो हेराइनसहित मकवानपुर प्रहरीले बकैया गाउँपालिका-११ का २९ वर्षीय विवेक वाईबालाई पक्राउ गरेको छ । शनिबार साँझ ७ बजेको समयमा हेटौँडा-१० स्थित आँखा अस्पताल नजिकैबाट वाईबालाई ३ ग्राम ९१० मिलिग्राम लागूऔषध खैरो हेरोइनसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हाल हेटौँडा-१०, न्युरेनी बस्ने वाईबालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । प्रहरीले मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद लिई वाईबालाई प्रहरी हिरासतमै राखी अनुसन्धान गरिरहेको जनाएको छ। पछिल्लो समय मकवानपुर प्रहरीले खैरो हेरोइन प्रयोगकर्ता र कारोबारीलाई पक्राउ गर्दै आएको छ ।

## गाँजासहित दुईजना पक्राउ

समाज संवाददाता

हेटौँडा : लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले शुक्रबार २ जनालाई पक्राउ गरेको छ । शुक्रबार बिहान ६ बजेर २५ मिनेटको समयमा हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट १० किलो ८२० ग्राम लागूऔषध गाँजासहित हेटौँडा-३, का ४६ वर्षीय कुमार सिं थिङ र ३४ वर्षीय धनबहादुर भोलनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौँडाबाट पथलैयातर्फ जाँदै गरेको बा प्र ०३-००१ ज ३०३ नम्बरको यात्रुवाहक भ्यानमा सवार कुमार र धनबहादुरलाई प्रहरीले लागूऔषध गाँजासहित पक्राउ गरेको हो। मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद लिई हिरासतमै राखेर अनुसन्धान गरिरहेको जनाएको छ । यसअघि मकवानपुर प्रहरीले बिहीबार बिहान ६ बजे २ जनालाई हेटौँडा-४ बाट १० किलो २७० ग्राम लागूऔषध गाँजासहित पक्राउ गरेको थियो।










## सम्पादकीय

# रंगशालाको सपना

करिब ४ दशकपछि हेटौंडाको गौरीटार रंगशाला रंगशालाको रुपमा देखिन लागेको छ । विसं २०४० सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना गरेर गौरीटार रंगशाला नामाकरण गरेको उक्त जमिन साढे दुई दशकसम्म झाडी र मैदानमै सिमित बनेको थियो । २०६६ जेठ २८ गते गौरीटार रंगशालाको जमिनमा केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माण गर्ने भन्दै तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले शिलान्यास गरे पनि प्रतिष्ठान निर्माण कछुवाको गतिमा अघि बढ्यो । ५ वर्षभित्र करिब ५ अर्ब रुपैयाँ खर्चेर बनाउने भनिएको प्रतिष्ठान सरकारी बेवास्ताको शिकार बन्न पुग्यो । सरकारहरुले अत्यन्तै न्यून बजेट विनियोजन गरेका कारण निर्माण सुरु भएको झण्डै एक दशक रंगशालाको वरपर पर्खाल निर्माण र छात्राबास निर्माणमै बित्यो । पछिल्ला केही वर्षदेखि बागमती प्रदेश सरकारको लगानीमा रंगशालामा खेल संरचना निर्माणको काम भइरहेको छ । फलस्वरुप अबको केही वर्षमा रंगशालाको स्वरुपमा आउने सम्भावना बढेको छ ।

प्रदेश सरकार गठन भएपछि बागमतीका प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले रंगशाला निर्माणमा चासो देखाएसँगै भौतिक पूर्वाधार थपिँदै गएको छ । बागमती प्रदेश सरकारले आफ्नो गौरबको योजनामा यो रंगशालालाई समावेश गरेपछि रंगशाला निर्माणको कामले थप गति लिइरहेको छ । फुटबल खेलको कामचलाउ पूर्वाधार तयार भइसकेको गौरीटार रंगशालामा अहिले पौडी र क्रिकेट खेलको पूर्वाधार निर्माण भइरहेको छ । प्रदेश सरकारको २० करोड रुपैयाँभन्दा बढी बजेटमा पौडी पोखरी र क्रिकेट रंगशाला निर्माण भइरहेको छ । ८ करोड ६२ लाख ६१ हजार रुपैयाँको ठेक्का सम्झौतामा निर्माण भइरहेको पौडी पोखरी अन्तिम चरणमा पुगेको छ । प्यारापिटसहितको २ वटा पौडी पोखरी आगामी असारसम्म निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता छ । यस्तै, करिब ८० करोड लागत अनुमान रहेको क्रिकेट रंगशालामा ११ करोड ७४ लाख रुपैयाँमा पहिलो चरणको ठेक्का सम्झौता भएको छ । क्रिकेट रंगशाला निर्माणको पहिलो चरणमा करिब ६ हजार जना अट्ने प्यारापिट बन्नेछ । ७० मिटर रेडियसको ग्राउण्डमा ५ वटा पिचसहित स्कोर बोर्ड, भिभिआइपी कक्ष, खेलाडी कक्ष, चेन्जिङ रुम, ब्रोडकास्टिङ र मिडिया कक्षलगायत निर्माणको काम हुनेछ ।

गौरीटार रंगशालामा निर्माण भइरहेको क्रिकेट रंगशालाको नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले शनिबार स्थलगत अवलोकन गरेका छन् । जनकपुर जाने क्रममा उनले क्यान तथा मकवानपुर क्रिकेट संघका पदाधिकारीसहित गौरीटारमा निर्माणाधीन क्रिकेट मैदानको स्थलगत अवलोकन गरेका हुन् । सचिव खड्काले गौरीटार रंगशालामा अन्य खेल पूर्वाधारसँगै क्रिकेट मैदान निर्माण भइरहेकोमा खुशी व्यक्त गर्दै खेल पूर्वाधारमा लगानी गरेकोमा बागमती प्रदेश सरकारको प्रशंसा गरेका छन् । देशमा खेल प्रतियोगिता तथा अभ्यासका लागि स्तरीय संरचना तथा पूर्वाधार अभाव रहेको अवस्थामा निर्माण भइरहेको संरचनाले क्रिकेट प्रतियोगिता सञ्चालन सहज हुने उनको विश्वास छ ।

करिब २३ विगाह क्षेत्रफलमा फैलिएको गौरीटार रंगशाला पूरा भएमा विभिन्न खेलको प्रशिक्षण, अभ्यास तथा प्रतियोगिता सञ्चालन गर्न सहज हुनेछ । उक्त रंगशालामा ९ वटा कभर्डहल, एउटा बहुउद्देश्यीय कभर्डहल, फिटनेस सेन्टर, रेसिङ ट्राक, खेलाडी छात्राबास, कार्यालय, ब्लग, कन्फ्रेन्स हललगायत संरचना निर्माण गर्ने प्रदेश सरकारको योजना छ । योजनाबमोजिम आवश्यक बजेट व्यवस्थापन र समयमै काम सम्पन्न भएमा गौरीटार रंगशालाको सपना साकार हुने निश्चित छ । गौरीटार रंगशालालाई हेटौंडाको लागि मात्र नभएर देशकै एक प्रमुख खेल पूर्वाधार बनाउन प्रदेशका साथै संघीय सरकारले पनि आवश्यक बजेट व्यवस्थापन गर्नु उचित हुनेछ । भविष्यमा विभिन्न खेलका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न मिल्ने गरी संरचना निर्माण हुने हो भने खेलाडी उत्पादनका साथै खेल पर्यटन प्रवर्द्धनमा समेत रंगहाला सहयोगी हुने विश्वास गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक यात्रा योगमा सरिक भइने समय योग छ ।
**वृष** : धार्मिक र सामाजिक काममा सरिक भइने छ ।
**मिथुन** : परोपकारी काममा खट्नुपर्ने समय योग छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**सिंह** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
**कन्या** : बोलीमा बिचार पुऱ्याउनुपर्ने समय योग छ ।
**तुला** : पारिवारीक द्वन्द्व कायमै रहने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा सरिम ।
**धनु** : पराक्रमले प्रतिष्ठा कायम गरिने समय योग छ ।
**मकर** : सामाजिक र धार्मिक कामबाट लाभ प्राप्त होला ।
**कुम्भ** : माङ्गलिक कार्यमा सरिक भइने समय योग रहेको छ ।
**मीन** : रामरमाइलोमा समय व्यतित हुने समय योग रहेको छ ।

# समृद्धिका अवरोध



अच्युतप्रसाद पौडेल 'चिन्तन'



हामीसँगै वा अझ पछि झुल्केका देशहरूले समृद्धि चुमे, विकासको फल चाखे, देश रूपान्तरित भएको पनि देख्न पाए, सडक, यातायात, शिक्षा, रोजगारी, स्वास्थ्य क्षेत्रमा अभूतपूर्व विकास गरे । कसैले चन्द्रमा पुगेर आफ्नो प्रगति देखाए, कसैले मंगलग्रहको खोजी गरे, भनौं विकास चुम्ने देशहरूलाई धर्ती साँघुरो छ, अन्तरिक्षमा आफ्नो प्रभाव देखाउन थालेका छन्, न त्यहाँ गरिबीको कुरो छ, न बेरोजगारीको कुरो छ, बस् त्यस्ता विश्वका धेरै देश आफू दाता बन्न सफल छन्, विक्रेता बन्न सफल छन् तर हामी जहाँको तहीँ छौँ, एक पाइला घस्रन खोज्छौँ, कि प्रकृतिले हिर्काइदिन्छ, कि आफआफैं लडेर दुनियाँलाई हँसाउँदै बनेका पूर्वाधारहरू ध्वस्त पार्छौं, विश्वका साह्रालाई बोलाउँछौँ र भन्छौँ, हाम्रो शान्ति प्रक्रिया संसारका लागि उदाहरणीय छ ।

यो महाद्वीपकै सबैभन्दा बढी भ्रष्टाचारी नेताहरूले चलाएको देश भनेर अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले हेडलाइन बनाइरहेका छन्, नामसमेत उल्लेख गरेका छन्, हामी यहाँ समृद्धिको सपना देखिरहेका छौँ, नेताहरूले हामीलाई झुक्याइरहेका छन् । अहिलेसम्म स्वाधीन रहेको यो देशलाई सुशासनयुक्त नेतृत्व दिने हो भने एक दशकमै समृद्ध । यहाँको प्राकृतिक हराभरा क्षेत्र, उब्जाका लागि उर्वर भूमि, वन, बुटेन, वनौषधि, सस्तो श्रमशील जनता, शान्त संस्कृति बोकेका इमानदार, वीर, जुझारु जनशक्ति, सानो भूगोल, कम जनसंख्या तर देश निर्माण पटक्कै भएन, समृद्धि कोरा कल्पना भयो, नेताले देश गिजोले ।

देशमा समृद्धि दिने भन्दै धेरै संविधान परिवर्तन भए, राजनीति र विदेशीहरूको क्रीडास्थल बनेको यो भूमिको न नक्सा सुरक्षित छ, न जनता । श्रमशील युवा त गए बाहिर, अब यहाँ घर, गाडी, दुई-तीनवटा व्यवसाय, स्कुल, कलेज हुने पाका उमेरका मान्छे पनि पलायन भए । पहिले सन्तान पठाए बाहिर, पछि सन्तानले अभिभावकलाई बोलाए, काठमाडौंमा कति धेरै घर तालाबन्दीमा परेका छन्, सबैजसो सोहोरिएर युरोप, अमेरिका, अस्ट्रेलिया, जापान पुगे । रोजगारीका लागि जानेहरू त खाडीलगायत कैयन् राष्ट्रमा पुगे नै । अब यहाँ जनसंख्याको अवस्था गिर्दो छ, जनशक्ति योजनाको अभाव छ, जसोतसो बनेका पूर्वाधारहरू एक दिनको वर्षाले ढाल्ने गरेको छ, दक्ष र इमानदार प्राविधिकको अभाव छ । यहाँ बस्नेहरूले राजनीतिको रोटी सेकाए, धेरै बजेट तान्ने प्रयास गरे, डोजरे र माटो छोप्ने विकासले प्रश्रय पायो, दिगो विकास र सहस्राब्दी विकास लक्ष्य सधैँ अधुरो रह्यो । निहित स्वार्थमा मतदातालाई भ्रम छरेर समृद्धिको नाटक मञ्चन गरियो ।

अहिले देशमा उत्पादन छैन, उद्यम-कलकारखाना छैनन्, अरूको कोटामा खाद्यान्न आयात गरेर देशले कस्तो समृद्धि प्राप्त गर्ला, भविष्य अन्योलमा छ । हालसम्म अल्पविकसित राष्ट्रको सूचीमा परेको देश नेपालले वर्षौं अघिदेखि आफ्नो कमजोरी देखायो, कम विकसितको नेतृत्व पनि लियो । ठूला फोरमहरूमा मीठा भाषण पनि दियो, विदेशीले पत्याए, खन्याए धेरै पैसा तर बालुवामा हालेको पानीजस्तो भयो । शिक्षामा गुणस्तर छैन, यहाँको उत्पादनले रोजगार हुन सक्दैन, सीप र प्रविधिको अभाव छ, स्वास्थ्य क्षेत्रमा कति लगानी भयो, सरकारी स्वास्थ्य सेवा प्रवाह हेर्दा मन भक्कानिएर आउँछ, सरकारी चिकित्सक निजीतिर लागे, सरकारी शैक्षिक जनशक्ति निजीतिर लागे, आमजनताले निजी क्षेत्रको सेवा सहज रूपमा ग्रहण गर्न सकेनन् ।

लामो समय भयो, देश विकासशील राष्ट्रमा परिणत हुने भनेको, समय धकेल्दै आउने सन् २०२६ को तारेख छ अब । मध्यमस्तरको आय भएको विकासशीलको स्तर पनि पाउला तर सबैभन्दा ठूलो घाटा त अल्पविकसितका हैसियतले पाएको सेवासुविधा कटौती हुन्छ, त्यसलाई व्यवस्थापन गर्न पहिलेदेखि नै आफ्नै उत्पादन बढाएर विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्नुपर्नेमा त्यसो भएको छैन । साफ्टा, सार्क, बिमस्टेक, विश्व व्यापार संगठन सबैतिरको सदस्यता मिल्यो, तर ती क्षेत्रमा हाम्रा सामान गुड्न पाएका छैनन् । प्रतिस्पर्धी बजारका सामान आयात गरेर त्यसमा भन्सार आय राम्रो मान्दै खुसी मान्ने हाम्रो सरकार छ । पेट्रोलियम पदार्थ नै यसको गतिलो उदाहरण हो, जबकि यसको विकल्प हामीसँग प्रशस्त विद्युत् उत्पादन हुन सक्थ्यो । थोरबहुत के उत्पादन थियो, भारत र बंगलादेश निर्यात गर्न सकियो भनेर साह्रै ठूलो प्रगति देखाउने हाम्रो नेतृत्वले अहिले कतिपय उद्योगमा लोडसेडिङ सुरु गरिसकेको छ र घरेलु प्रयोजनमा पनि विद्युत् आपूर्ति नियमित छैन ।

समृद्धिको आधार लोकतन्त्र हो, धेरै देशले यसको अभ्यास पनि गरेका छन्, तर अंकुश नभएको हाम्रो लोकतन्त्र स्वेच्छाचारी भएको छ, निजी भएको छ, पारिवारिक भएको छ, उसलाई जिम्मेवारीबोध के हो थाहा छैन, पारदर्शिता के हो थाहा छैन, सुशासन र अनुशासन के हो थाहा छैन । मान्छे भर्ती गर्दा योग्यता, विज्ञता र क्षमता हेर्दैन, दलका मान्छेको नाम खल्तीबाट टपक्क टिपेर नियुक्ति गर्छ, तिनै मान्छे कुनै न कुनै दाग नलागेका कोही भेटिएका छैनन् । सार्वजनिक पद नियुक्तिको आधार पूर्णतः मोलाहिजा र आफ्ना गुट, परिवार, नाता-कुटुम्बभित्रका मात्र देखिएका छन् । पछिल्लो समय आएका काण्डहरू भ्रष्टाचारमा मुछिएका केसहरू सायद दल आबद्ध मान्छेहरू नै हुनुपर्छ । नेतृत्वले अहिले संघीय निजामती सेवा ऐनको विगुल फुक्दै छ, मानौँ यो ऐन आइसक्यो, यस्तो ढ्वाङ फुकेको धेरै वर्ष भयो ।

जबजब संसद् चलेको हुन्न, शिक्षा विधेयक, प्रहरी ऐन, निजामती ऐन आयो भनिन्छ, जब संसद् खुल्छ विषयले प्रवेशै पाउँदैन, पाए पनि यस्ता विधेयक कतिपल्ट संसद्बाटै फर्किसकेका हुन् । यसको अर्थ के हो भने नेतृत्व जो जान्छ सिंहदरबार वा बालुवाटार, उसले कर्मचारीलाई आफ्नो खेतालो बनाउँछ । अहिले कैयन् सेवा प्रवाह गर्ने कार्यालयमा दरबन्दीअनुसार कर्मचारी आपूर्ति भएको छैन, सरुवा भएको भोलिपल्ट अर्को ठाउँमा सरुवा भइसक्छ, अथवा आफ्नो पक्षधर नदेखेपछि स्थानीयले हाजिर नै गर्न दिन्नन्, भर्खरै कतिले त राजीनामा नै गरेका छन् । स्थायी सरकार निजामती प्रशासन नै विकास, समृद्धिको आधार हो । तर, यसलाई दलहरूले आफ्नो दुनो सोझ्याउनैका लागि अस्थायी बनाए । आजभन्दा सात दशकअघि बनेको निजामती सेवा ऐनलाई गिजोल्नसम्म गिजोलियो, पत्रु बनाइयो, अब यसले काम गर्न सकेको छैन । सरुवा, बढुवा प्रणाली भरपर्दो छैन, सरकारी कर्मचारी भन्नासाथ बजारमा हेयको दृष्टिले हेरिन्छ, सबैलाई कर, भन्सार, मालपोत, भूमिसुधार, यातायातजस्ता मालदार कार्यालय चाहिएको छ, दलहरूले कर्मचारीहरूलाई आफ्नो भ्रातृ संगठनजस्तो मानेका छन् ।

चुनावबाट आएको नेतृत्वले दिएको जनहितको निर्णय कानुनअनुसार निष्पक्ष रूपमा कार्यान्वयन गर्ने हो राष्ट्रसेवकले । तर, प्रजातन्त्र आएको भन्दै विश्वमा कहीँ नभएको जात्रा देखाइयो यहाँ, ०४८ सालपछि सरकारी कर्मचारीले ट्रेड युनियन दर्ता गरे । विश्व परिप्रेक्ष्यमा हेर्दा मालिकले श्रम शोषण गर्न नपाओस् भनेर पेसागत हकहितका लागि उद्योग, कलकारखानामा आफ्नो हकहित सुरक्षित राख्न, श्रमको कदर गर्न, उचित पारिश्रमिक पाउन श्रमिकका लागि आएको अवधारणा हो, ट्रेड युनियन ।

प्रशासन सञ्चालन गर्ने सरकारी निर्णय कार्यान्वयन गर्न लोकसेवा वा अन्य आयोगबाट प्रतिस्पर्धी भई जनसेवामा सरिक हुनेहरूका लागि यस्तो ट्रेड युनियन होइन । तर, हामीकहाँ दलकै मान्छे बनाउने गरी यसको अधिकार दिइयो र जो युनियनमा आबद्ध रहे तिनले कार्यालयको काम गर्नु परेन, सरुवा-बढुवामा आकर्षक कार्यालयहरूमा जानका लगि शक्ति प्रयोग गरे, नीति निर्माता, प्रशासन, सचिव, मुख्य सचिवभन्दा ती बलिया देखिए । जनसेवा निजीजस्तो भयो, सेवा प्रवाहमा ट्रेड युनियनको भूमिका र हेन, दलपिच्छेका भ्रातृ संगठनहरू बने, शिक्षामा विद्यार्थी युनियन भनेजस्तै तिनले दबाब समूहको काम गर्न थाले । फलतः अहिले निजामती प्रशासन इतिहासमै कमजोर छ, क्षमताको प्रशासन चलेन, नयाँ प्रविधिको प्रशासन र जनउत्तरदायी प्रशासन सञ्चालन हुन सकेन र समृद्धिको सपना कोरा कल्पना भइदियो ।

सबै तहका सरकारमा अहिले बेरुजुको चाङ छ, अख्तियारको फन्दामा जनप्रतिनिधि पनि परेका छन् र राष्ट्रसेवक पनि । राजनीतिक प्रश्रय नपाए कर्मचारीले ठूलो भ्रष्टाचार गर्न सक्दैन, दुई-चार हजार होइन; रिसवत्, अहिले इमानदारिता, नैतिकता, निष्ठाको ठूलै स्खलन भएको छ र मान्छे रातारात धनी बनेको छ, आमउपभोक्ता मारमा परेका छन्, नागरिक बडापत्रले काम गरेको छैन, उपभोक्ता हित संरक्षण कानुन पुस्तकालयमा सीमित छ, व्यापारी र बिचौलियाको रजगज छ, नीतिगत भ्रष्टाचर बढेको छ, अख्तियारको आँखा छल्न तह नाघेर निर्णय गर्ने गरिएको छ, अख्तियार मुद्दा हाल्छ, अदालत सफाइ दिन्छ, प्रक्रियामै त्रुटि छ, एक तृतीयांश बढी अख्तियारले मुद्दा जितेको छैन । विधिको शासनले मात्र समृद्धि दिने हो, दुई पैसा पनि बढी खर्च गराउनु पाप हो भने पहिलेकाले । यो नीति अब गफ भयो, ठेक्कापट्टामा कमिसन मोह बढ्यो, जसले गर्दा निर्माण सामग्रीमा गुणस्तर भएन, ठेक्का लगाउँदादेखि बिल पास गर्दा र अन्तिम भुक्तानीसम्म प्रशासन र राजनीति नमुछिएको ठाउँ भएन र बनेको सडक दुई दिनमै भत्कने, पुलपुलेसाहरू त्यस्तै, भवनहरूमा खिया लाग्ने हरिबिजोग अवस्था छ देशमा ।

सेवा प्रवाहमा त्यस्तै छ, सरकारी सेवा लिनु भनेको निजी पसलमा सामान खरिद गर्नुजस्तो छ, सर्वसुलभ छैन, गुणस्तरीय छैन, मूल्य बढी छ । आम उपभोक्ताको जीवनस्तर उस्तै छ, आयआर्जन छैन, बिदेसिएका सन्ततिले पठाएको पैसाले घरखर्च चलेको छ, बिहेमा जन्ती छैनन्, मृत्युमा मलामी, गाउँ मात्रै रित्तो होइन; अब सहरको पनि यही अवस्था छ, सरकारले राखेका सहरी विकास योजनाहरू अधुरा छन्, पूर्वाधारहरू कहिल्यै समयमा पूरा गरिएन, भूपरिवेष्टित देशमा पानीजहाज कार्यालय खोलेर करोडौँको गाडी गुडाइयो, समृद्धि भन्दै भ्युटावर लादियो, विकास खर्च गरिएन, चालु खर्चले तीव्रता पायो ।

राजनीतिकर्मीहरूको सेवासुविधा, उपचार खर्च अचाक्ली धेरै भयो, गाडी दुर्घटनामा, पारिवारिक हत्याहिंसामा परेका पनि सहिद भए, देशले अँगालेको राजनीतिक संयन्त्र भद्दा भयो, सबैलाई काम छैन, आफन्तलाई विश्राम गराउने गरी राजनीतिक संयन्त्रहरू तयार भए, देशका लागि यति ठूलो संयन्त्र आवश्यक छैन, खर्च कटौतीका कुरा कल्पना मात्रै छ, गाँस, बास, कपास नपाउनेसँग मनग्य कर लिइएको छ, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, करको सदुपयोग भएको छैन, विदेशीहरू ऋण ओइर्‍याउन व्यस्त छन्, ऋणको पनि सदुपयोग भएन, चरम ऋणको भारी अनि व्यापार घाटा सहेर लोकतन्त्र पालिएको छ, नेता पालिएका छन्, जनतामा आम निराशा छ, आय आर्जनको ढोका खुलेन । लगानीयोग्य रकम बैंकहरूमा थुप्रिएको छ, लगानीको वातावरण छैन, उद्यमी, व्यापारीहरू राजनीतिको आडमा बस्न रुचाएका छन्, तिनै व्यापारीले पार्टीको कार्यालय चलाइदिएका छन्; जग्गा, भवन दान दिएका छन् । मार्क्सले सित्तैं कसैको केही नलिनू, नखानू भनेका थिए, सर्वहाराको नेतृत्व गरेर सत्तामा गएका हाम्रा नेताहरूको भुँडी ठूलो छ, जीवनशैली पनि धेरै फरक छ, नेता मोटाउने जनता दुब्लाउने देशले समृद्धि कहिल्यै हासिल गर्न सक्दैन ।

देशमा केही नभएको भने होइन, केही बाटाघाटा बनेका छन्, जीवनस्तरमा केही परिवर्तन आएको छ, जीवनशैली बदलिएको छ तर यो कछुवा गति हो, देश समृद्ध छैन, अरूको तुलना गर्दा त सन्तोष हुन्न, तर तुलना गर्ने ठाउँ नै छैन । आर्थिक वृद्धिदर डबल डिटिजको भनिरहँदा माइनसतिर धकेलिन्छ, विधिको शासन, सुशासनको अंक बढ्छ भन्दा खस्किरहेको हुन्छ, बजार नियन्त्रण हुन्छ भन्दा अनियन्त्रित भइरहेको हुन्छ, रोजगारी प्राप्त हुन्छ भनिरहँदा सधैँ मान्छे बिदेसिएका छन्, यहाँकै उद्योग, कलकार खानामा हाम्रो श्रम, सीपको प्रयोग हुनुपर्थ्यो, लगानी विस्तार हुनुपर्थ्यो । राजनीतिक अभीष्ट पूरा हुँदैमा देश समृद्ध हुन्न, जबसम्म आर्थिक अभीष्ट पूरा हुन्न, देश भीक्षार्थी नै रहन्छ, सदावहार भीक्षार्थी भएर सुनको थालीमा भीक्षा माग्ने नेपालीको समृद्धिको सपना पूरा नहुनुमा नेतृत्वको कमजोरी छ ।

आलोपालो यिनै दलले सत्ता लिए, लामो समयदेखि, साँढे तीन दशक समय भनेको धेरै हो । दैनिक रुटिनमा काम गर्ने हो भने, भ्रष्टाचार नगर्ने हो भने, लोकतन्त्रलाई परिवारवादमा सीमित नगर्ने हो भने मात्र देशमा विकासको ढोका खुल्छ । सेवा गर्नभन्दा पनि कमाउन जाने मनसायले प्रशासन र राजनीति सञ्चालन हुन्जेल देशमा गरिबी व्याप्त नै रहन्छ, देशको उत्थान हुन्न, निर्माण र पुनर्निर्माण पनि हुन्न । देश बनाउने आफैंले हो, अरूले होइन । लोकतन्त्रमा पनि देश नबने कसको थाप्लोमा हान्न जाने ? समृद्धिको बाधक राजनीतिकर्मीहरूको अदूरदर्शिता हो, देश निर्माण गर्ने प्रतिबद्धताको कमी हो, दल बनाउने, देश नबनाउने सोच हाबी भएकाले देशले समृद्धि प्राप्त गर्न नसकेको हो । *(स्रोत: कारोबारदैनिक)*

## मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचन

# रानाभाट नेतृत्वको प्यानल घोषणा

समाज संवाददाता

हेटौँडा : मकवानपुर उद्योग वाणिज्य संघको आसन्न साधारणसभामा प्रमोद सिंह रानाभाट नेतृत्वको टिम घोषणा गरिएको छ। आइतबार रोयल पार्टी प्यालेसमा व्यवसायी, उद्यमीको बाक्लो उपस्थितिमा रानाभाटले आफ्नो टिम घोषणा गर्नुभएको हो । रानाभाटको टिममा उपाध्यक्षमा वाणिज्यतर्फ रामप्रसाद न्यौपाने, उद्योगतर्फ दीपक उप्रेती, एसोसिएटतर्फ उज्ज्वल चौलागाई र बस्तुगत तर्फ प्रदीप अर्याल रहेका छन् ।

महासचिवमा प्रतिमा श्रेष्ठ, कोषाध्यक्षमा श्रीकृष्ण कर्माचार्य (भाइ), सहकोषाध्यक्षमा निलम वैद्य, सचिवमा वाणिज्यतर्फ कुलप्रसाद चौलागाई, उद्योगतर्फ रुपकराज दाहाल, एसोसिएटतर्फ माधव ज्ञवाली र वस्तुगततर्फ राजाराम कार्की छन् । सदस्यमा वाणिज्यतर्फ राजेन्द्र लामिछाने, राजदेव बनियाँ, सन्तोष घिमिरे, होमनाथ खनाल (रोशन), निलम बजगाई देवकोटा रहेका छन् भने उद्योगतर्फ जगदिश दहाल, कृष्णराज कोइराला, भुपेन्द्रप्रसाद अधिकारी र सीतादेवी भेट्वाल छन् । एसोसिएटतर्फ अंकिता सुमार्गी, नवराज खतिवडा र सुकृत पराजुली र वस्तुगततर्फ कृष्ण अर्याल रहेका छन् ।

प्यानल घोषणा सभालाई सम्बोधन गर्नुहुँदै अध्यक्षका आकांक्षी प्रमोद सिंह रानाभाटले व्यवसायी, उद्योगीको पक्षमा सक्रियताका साथ काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै जटिल अवस्थामा नेतृत्वको अवसर रहेको बताउनुभयो । आफ्नो टिमले जिते सदस्य व्यवसायीसँग संघले लिने नवीकरण शूल्क घटाउने प्रतिवद्धता रानाभाटले व्यक्त गर्नुभयो । नयाँ उद्यम र व्यवसायमा लगानीको वातावरण बनाउन पनि आफूले भूमिका निर्वाह गर्ने रानाभाटले स्पष्ट पार्नुभयो ।

## खोल्सामा खस्दा घलानको मृत्यु

समाज संवाददाता

हेटौँडा: सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-४, मादेउटारमा खोल्सामा खस्दा एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ५६ वर्षीय रामलाल घलान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। शुक्रबार बिहान ११ बजेको समयमा घलान वडा कार्यालय गएका थिए । राती १० बजेको समयमा घलान घर फर्कने क्रममा सिउँडीबास चिहानडाँडा स्थित बाटोबाट ५ सय मिटर तल खोल्सामा खसेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

## कुटपिटबाट लिलाको मृत्यु

समाज संवाददाता

हेटौँडा : सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका-३, चपराडाँडामा ७६ वर्षीय बावु डोमान सिंह सार्कीको कुटपिटबाट छोराको मृत्यु भएको छ । मृत्यु हुनेमा ४९ वर्षीय माईला भन्ने लिला बहादुर पुर्कोटी सार्की रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। शनिबार राती ८ बजेर ३० मिनेटको समयमा डोमान सिंहले घरायसी विवाद हुँदा फलामको गलले टाउकोमा र ढाडमा प्रहार गर्दा लिला बहादुर घाईते भएको थिए ।

घाइते लिला बहादुरलाई उपचारका लागि हेटौंडा अस्पताल मकवानपुर ल्याइएकोमा उपचारको क्रममा राति १० बजेर ३० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। कुटपिटमा संलग्न मृतकको आमा र डोमान सिंहलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## श्री राष्ट्रिय रोटरी माध्यमिक विद्यालय

मनहरी-७, मकवानपुर

### प्राविधिक प्रस्ताव माग सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०९/२२*

श्री सरोकारवाला सबै
जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय हेटौँडाद्वारा आ.व.२०८१/०८२ मा प्रदान गरिएको अनुदान कार्यक्रमबाट यस विद्यालयलाई बस खरिद गर्ने प्रक्रियाका लागि मिति २०८१/०७/१० मा प्रकाशित सूचना बमोजिमका शर्तहरु पालना गरी बस उपलब्ध गराउन सक्ने यस विद्यालयको मिति २०८१/०९/२१ गतेको व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार सूचिकृत भएका तपसिल अनुसारका अधिकृत विक्रेता वा उत्पादकहरुबाट सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र प्राविधिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**तपशील:**
१.सिप्रदी ट्रेडिङ प्रा.लि., नैकाप, काठमाडौँ
२. ब्राण्डेड अटो मोबाइल्स्








# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL Hetauda-2

## चित्रकला





सुजन्या गहतराज
कक्षा-७

## श्री राम



निश्मा लामिछाने

जन्म लियौ तिमीले आमा कौशल्याको कोखबाट
जानु पऱ्या थियो तिमी प्रण गर्न अयोध्या
आयौ तिमी शिक्षा प्राप्त गरी स वसिष्ट कहाँ
तिमी आएपछि आयो अयोधामा नयाँ रङ

चार भाइ मध्ये तिमी थियौ सबैभन्दा जान्नी
चार भाइलाई खुशी देखी रमाउँथे तीनै जना
जनकपुर गई जानकीसँग विवाह गऱ्यो
आफ्नो पिताको चिन्ता तिमीले हरायौ

मन्थराले रानी कैकैलाई राम विरुद्ध भड्काए
रानी कैकैले त्यसैले रामलाई १४ वर्ष वनवास
वनमा लक्ष्मणले नाक काटे
रावणले माता जानकीमा आफू ऋणि छु भनी ठाने
राम र लक्ष्मण हिंडे शिवको खोजीमा

फर्जी उनी माता सब्रीको सानो कुटियामा
रामले मित्रता गरे सुग्रिवसँग
रामआएपछि भयो बाँदर सेनामा अंग
लङकामा जन रामले रामसेतु निर्माण गरे
जानकीलाई पाउन पती समक्ष लडे
अयोध्या गए उनी १४ वर्षपछि
सबै जनाको अनुहारमा आयो नयाँ खुशी
सबै जना खशी अयोध्यामा

सबै जना खुशी अयोध्यामा
रमाए सबै राम आएको त्यो बेला
बनेन १४ वर्षपछि राजा
अयोध्यामा बज्यो धरै बाजा

*कक्षा-७*

## नेपालको प्रथम गणितज्ञ गोपाल पाँडे

उनी नेपालको पहिलो गणितज्ञ मानिन्छन्
जो १८ औं शताब्दीमा राजा पृथ्वी नारायण
शाहले शासन गर्दा बाँचेको थिए ।
उनले व्यवहारिक समस्या समाधान गर्न
गणित लागू गरेर
त्यसो गर्न एक अर्कालाई मद्दत गरे

उहाँ के गर्नुभयो ?
भूमि र कर गोपाल पाँडेको सरकारलाई
पर्याप्त कर संकलन गर्न सहयोग पुगोस्
भनेर जमिनको सही मापन गरे ।

क्यालेन्डर बनाउने र क्यालेन्डरको विकास गर्न
र चाडहरुलाई मिति तोक्न सूर्य र चन्द्रमाको
अध्ययनमा गणित लागू गरे

सरकारलाई सहयोग गर्ने उनको कामले
सरकारको राम्रो संगठन
र श्रोतहरुको व्यवस्थापन सुनिश्चित गरे

उहाँ किन महत्वपूर्ण हुनुहुन्छ ?
गोपाल पाँडे नेपालमा गोपाललाई व्यवहारिक
रुपमा लागू गर्ने पहिलो व्यक्ति मानिन्छ
यस मानिसको कामले विकासलाई बढावा दियो र
अरुलाई पनि गणित सिक्न उत्प्रेरित गऱ्यो
उनको बारेमा धेरै जानकारी नभए तापनि उनलाई
नेपाली इतिहासमा एक प्रमुख व्यक्तिको रुपमा हेरिन्छ

### कमाने प्रिमियर लिग क्रिकेटको लिलामी सम्पन्न

# प्रतियोगितामा ८ वटा टिम सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगितामा ८ वटा टिम सहभागी हुने भएको छ । आइतबार क्लबले खेलाडी लिलामी कार्यक्रमको अयोजना गर्दै प्रतियोगितामा ८ वटा टिमहरू सहभागी हुने जानकारी गराएको हो ।

कमाने क्रिकेट क्लबका अध्यक्ष किशोर खत्रीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर-८ का वडाध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यमा लिलामी कार्यक्रम भएको छ । हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयको चौरमा आउँदो माघ १६ गतेदेखि १९ गतेसम्म प्रतियोगिता हुनेछ । कार्यक्रममा नगर खेलकुद विकास समितिका सदस्य यज्ञबहादुर रायको पनि उपस्थिति रहेको थियो ।

हेटौंडा उपमहानगरपालिका ८ नम्बर वडा कार्यालयको सहयोग रहने प्रतियोगितामा कमाने अर्ना, कमाने हन्टर्स, कमाने टाइगर, कमाने बुल्स, कमाने रोयल्स, कमाने लायन्स, कमाने राइनोज र कमाने राइडर्स गरी ८ वटा टिमको सहभागिता रहनेछ ।

खेलाडी लिलामी कार्यक्रममा सहभागी भएका ९८ जना खेलाडीलाई क्याटग्योरी ‘ए’देखि ‘पी’सम्म छुट्याएर छुट्टाछुट्टै टिममा सहभागी गराइएको छ । क्लबले जिल्लास्तरीय, प्रदेशस्तरीय तथा राष्ट्रियस्तरको प्रतियोगिमा भाग लिएका ८ जना खेलाडीलाई पनि प्रतियोगितामा सहभागी गराउन लागेको छ ।

लिलामी कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडाध्यक्ष थापाले वैदेशिक रोजगारी तथा उच्च शिक्षा हासिल गर्ने बहानामा युवा विदेशिने क्रम बढेकोमा चिन्ता व्यक्त गर्नुभएको छ । युवा पुस्तालाई विदेशिनबाट रोक्नका लागि खेलकुदमा सहभागी गराएर राष्ट्रियस्तरमा पुर्‍याउन आवश्यक रहेको उहाँले औंल्याउनुभयो । प्रतियोगिताको तेस्रो संस्करणसम्म आइपुग्दा वडाको स्तरलाई बढाएको आफूले मूल्याङ्कन गरेको उहाँले बताउनुभयो ।

कमानेभित्रका खेलाडीहरुको पहिचान बढाउन, क्रिकेट खेलको क्रेज बढाउन, खेलाडीहरुबीच भातृत्वको सम्बन्ध कायम गराउन, खेलाडीलाई राष्ट्रियस्तरमा पुर्‍याउन र क्रिकेट खेलको महत्वबारे बुझाउनका लागि यस वर्ष पनि क्लबले प्रतियोगितालाई निरन्तरता दिन लागेको अध्यक्ष खत्रीले बताउनुभयो । उहाँका अनुसार प्रतियोगिताका लागि वडा कार्यालयले २ लाख रुपैयाँ बजेट छुट्याएको छ ।

प्रतियोगिताका लागि प्रथम पुरस्कार जनकपुर बोल्ट्सका ओप्नर उत्सव सिग्देलले प्रायोजन गर्ने घोषणा गर्नुभएको छ । उहाँले क्लबले गर्न लागेको प्रतियोगिताबारे यस वर्षबाट मात्र थाहा पाएको भन्दै पुस्कार सौजन्य गर्ने निर्णय गरेको बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान र सर्वोकृष्ट बलरलाई पनि पुरस्कार प्रदान गरिने जनाइएको छ । गत वर्ष भएको दोस्रो संस्करणको कमाने टि-१० प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधि कमाने राइडर्सले जितेको थियो ।

# गाँजासहित थोक्रा पक्राउ

समाज संवाददाता

हेटौंडा : मकवानपुरको मनहरीबाट ५ किलो लागुऔषध गाँजासहित राक्सिराङ गाउँपालिकाका २२ वर्षीय प्रदीप थोक्रालाई प्रहरीले पक्राउ गरेको छ । शनिबार दिउँसो ३ बजेको समयमा प्रहरीले मनहरी-८, सिम्पानी देवकोट सामुदायिक वनबाट थोक्रालाई पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मनहरीबाट सिम्पानीतर्फ हिँडिरहेको अवस्थामा राक्सिराङ-३, पलाँसेका थोक्रालाई लागुऔषध गाँजासहित पक्राउ गरिएको हो । थोक्रालाई मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद अनुमती लिई अनुसन्धान कार्य भइरहेको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र
सुनाऔं
The Voice of Community

हार्दिक बधाई



विनोद सुवेदी
अध्यक्ष



राजकुमार नहर्की, वरिष्ठ उपाध्यक्षमा
नविन केसी, उपाध्यक्ष
लक्ष्मी श्रेष्ठ, उपाध्यक्ष
विष्णुहरि सुवेदी, सचिव
उपेन्द्र सुवेदी, कोषाध्यक्ष



रामबाबु सापकोटा, सहसचिव
भरत सापकोटा, सहकोषाध्यक्ष
रमिता पाण्डे, सदस्य
गीता आचार्य, सदस्य
रिना आचार्य, सदस्य

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (**प्याब्सन**) मकवानपुरको **२०औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशन**बाट यस विद्यालयका प्रिन्सीपल **रामबाबु सापकोटा** सहसचिवमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हामी खुसी भएका छौं । उहाँसहित सर्वसम्मत निर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

ब्रह्मदिक् एकेडेमी परिवार
हेटौंडा-४, मकवानपुर

हार्दिक बधाई



विनोद सुवेदी

हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकका प्रिन्सीपल आदरणीय **विनोद सुवेदी** निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (**प्याब्सन**) मकवानपुरको हालै सम्पन्न अधिवेशनबाट गरिमामय अध्यक्ष पदमा दोस्रो कार्यकालका लागि सर्वसम्मत निर्वाचित हुनुभएको हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

लालबहादुर पटेल, उपाध्यक्ष
नेपाल निर्माण तथा
सम्वद्ध श्रमिक संघ (काउन)

हार्दिक बधाई



विनोद सुवेदी
अध्यक्ष



राजकुमार नहर्की, वरिष्ठ उपाध्यक्षमा
नविन केसी, उपाध्यक्ष
लक्ष्मी श्रेष्ठ, उपाध्यक्ष
विष्णुहरि सुवेदी, सचिव
उपेन्द्र सुवेदी, कोषाध्यक्ष



रामबाबु सापकोटा, सहसचिव
भरत सापकोटा, सहकोषाध्यक्ष
रमिता पाण्डे, सदस्य
गीता आचार्य, सदस्य
रिना आचार्य, सदस्य

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (**प्याब्सन**) मकवानपुरको **२०औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशन**बाट यस विद्यालयका प्रिन्सीपल नवीन केसी उपाध्यक्षमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हामी खुसी भएका छौं । उहाँसहित सर्वसम्मत निर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण आदर्श इंग्लिस बोर्डिङ स्कूल परिवार
हेटौंडा-९, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ